श्री

# राजस्व न्यायाधिकरण काठमाडौ

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

## <u>फैसला</u>

२०७५।०७६ सालको निर्णय नं. २०७

पुनरावेदन नं. ९७–०७५-RB-०१५७

**<u>मुद्दाः– आयकर (२०७०/०७१) ।</u>**

सानिमा वैंक लिमिटेड......................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...................................... १ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ ..................................१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री दिपक घिमिरे , श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री शम्भूकुमार वस्नेत

**अविलम्वित नजीरः** ×

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशाशक **धनिराम शर्मा**

शुरु कार्यालयको निर्णय मितिः–२०७५/०१/१२

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः–२०७५/०६/१५

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०१/१२को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागमा पुनरावलोकन गरेकोमा त्यहाँबाट समेत हामी करदाताको निवेदन जिकिर खारेज गरी ठुलाकरदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशलाइ यथावत सदर गर्ने गरी मिति २०७५/०६/१५मा निर्णय भएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता सानिमा वैंक लिमिटेडले आ.व. ०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ६०,९१,७८,६५६।४३ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१/०९/०७ मा विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताको आ.व.०७०/०७१ को आय विवरणको कर परिक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव किताबको परीक्षणगर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रीम करकट्टी गर्नु पर्ने भुक्तानीमा अग्रीम कर कट्टी गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सोबमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन २०५८ को दफा ९०(८) र १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४/१२/१९ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/१२/१९ मा जारी भएको सूचना करदाताले मिति २०७४/१२/२७ मा बुझी लिइ सूचनाको जवाफ मिति २०७५/०१/१० मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. ०७०/०७१ का लागि रु. ६१,२७३९३३४।८२कर योग्य आय कायम गरी आयकर ऐन २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८ र ११९ र दफा १२० (क) बमोजिम व्याज र शुल्क समेत गणना गरी कर दाखिला

गर्ने भन्ने  समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०१/१२ मा भएको निर्णयपर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/०१/१२ मा जारी गरेको आ.व. ०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सानिमा बैक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०३/०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०६/१५ मा भएको निर्णय ।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७५/०१/१२ मा गरेको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा सवारी साधनको ह्रास खर्च दावी गर्न पाउनेमा नदिएको, बैक कर्मचारीलाई प्रदान गरिएको सवारी साधनको विमा तथा सवारी कर खर्चलाई खर्च दावी गरेकोमा नदिएको, सम्पत्तिको ह्रास खर्चलाई एकमुष्ट दावी गरेकोमा नदिएको, ब्याज दायित्व आयमा समावेश हुने गरी कर छुट नदिएको, आयकर कट्टी रकम निर्धारण गरेको कानूनतः नमिलेको हुँदा उक्त संशोधित कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने पुनरावेदकको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा १४० (३) नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१२/०५ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री दीपक घिमिरे र श्री लक्ष्मी सापकोटाले पुनरावेदन जिकिरमा पेश भएका बुँदाहरु सम्पत्तिको ह्रास कट्टि, सवारी साधनको ह्रास बीमा, सवारी साधन कर लगायतका खर्च कट्टि, सम्बन्धमा बुँदागत रुपमा जिकिर गर्नु भयो । व्यवसायको काममा संलग्न उच्च पदस्थ कर्मचारीलाई प्रदान गरेको सवारी साधन बैंककै नाममा भएको र आय आर्जन गर्ने कार्यमा उपयोग भएकाले ती सवारी साधनको ह्रास खर्च, बीमा, सवारी साधन कर आदि खर्च कट्टि पाउनुपर्ने सो सम्बन्धमा भएको कर निर्धारण समेत कानून सम्मत नभएकाले बदरभागी छ भन्ने जिकिर प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर एवं आन्तरिक राजस्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भुकुमार वस्नेतले सवारी साधनको ह्रास खर्च बीमा तथा सवारी साधन कर समेतका सम्बन्धमा यसै न्यायाधिकरणबाट धेरै फैसलाहरु भै विवाद टुंगो लागिसकेको हुँदा अन्य थप जिकिर गरी रहन परेन भन्नुभयो । सेवामा भएको भुक्तानीमा आयकर ऐन अनुसार कर लाग्दैन भन्नु कानून सम्मत नभएकोले प्रत्यर्थीको निर्णय सदर होस भन्ने जिकिर प्रस्तुत गर्नुभयो ।

१२. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ताद्वय एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि पुनरावेदन जिकिर अनुसार हुने हो, होइन ? भनी निर्णय तर्फ विचार गर्दा देहाय अनुसार हुने देखियो ।

१३. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

१४. **Own your vehicle scheme का सम्बन्धमाः-** बैंकको निर्णयानुसार सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार Possession Right सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized a an assets, if and only it, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने वस्तु तथा सेवाको वितरणमा प्रयोग

भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन ।ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

क) ह्रास खर्च कट्टी दावीः- आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची - २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ  भन्ने ब्यबस्था भएकोमा own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बै.कका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानून सम्मत नै देखिन आयो ।

ख) बीमा खर्चः- माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको बीमा खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

ग) सवारी साधन करः- माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च  अमान्य गर्नेगरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१५. अतः **माथि उल्लिखित आधार र कारणबाट यसमा पुनरावेदक करदाताको आ.ब.०७०/०७१ आयकर निर्धारणका सम्वन्धमा शुरु ठुला करदाता  कार्यालय हरिहरभवन ललितपुरको मिति २०७५।०१।१२ को निर्णय र सो लाई समर्थन गर्ने गरि आन्तरिक राजश्व बिभागबाट मिति २०७५।६।१५ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।**

<u>तपसील</u>

प्रस्तुत फैसलाको जानकारी विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई दिनू..१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू..........................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.......................३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः युवराज गौतम
कम्प्यूटर टाइपः प्रदिप तिवारी

इतिसम्बत २०७६ साल अषाढ २२ गते रोज १ शुभम......